**सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास**

**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**

**आदेश**

०७७-WO-०११२०

**मुद्दाः- उत्प्रेषणसमेत।**

किर्तिनाथ शर्मा पौडेल समेत------------------------------------------------- निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत------------------------------ विपक्षी

यसमा रिट निवेदनसाथ संलग्न कागजातको अध्ययन गरी निवेदक विद्वान अधिवक्ता श्री किर्तिनाथ शर्मा पौडेल तथा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री गोपाल श्रेष्ठ, श्री युद्धमान महर्जन श्री लिलाधर उपाध्याय, श्री तुलसीराम पोखरेल, श्री सुजन नेपाल, श्री गोविन्दराज बसौला, श्री जनक सिंह साउद, श्री झल विश्वकर्मा, श्री ज्ञानेन्द्रराज आरण र श्री सुरेन्द्र विक्रम के.सी. ले गर्नुभएको बहस सुनियो।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नू भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू।

निवेदकले अन्तरिम आदेशको माग समेत गर्नुभएको सम्बन्धमा विचार गर्दा, नेपालको संविधानको धारा ३५ (१) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रास गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक सेवाबाट बञ्चित गरिने छैन भन्ने

व्यवस्था रहेको देखिन्छ। हाल नेपालमा कोभिडको दोस्रो लहरको महामारीबाट संविधानबाट प्रदत्त स्वास्थ्य जस्तो संवेदनशिल सेवाबाट नागरिक बञ्चित भएको भन्ने आम नागरिकको गुनासो आएको छ। अक्सिजनको अभाव हुनु, अस्पताल भरिभराउ हुनु, आवश्यक खोपको उपलब्धता नहुनु लगायतको समस्याहरू टड्कारो रूपमा देखिएको छ। यी सबै कुरालाई हृदयगम गरी देहाय बमोजिम गर्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छः-

(१) वर्तमान कोभिडको भयावह स्थितिमा स्वास्थ्य विज्ञहरूको सल्लाह सुझाव आवश्यक परे लिई स्वास्थ्य विज्ञहरूको छुट्टै संयन्त्र बनाउनु परे बनाई विज्ञहरूको सल्लाह बमोजिम कोभिड नियन्त्रण, रोकथामका लागि यथाशीघ्र आवश्यक व्यवस्था गर्नू।

(२) अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा वेड अभाव भएको अवस्था भए कुनै पनि खाली स्थान वा भवनमा अस्थायी उपचार केन्द्रको व्यवस्था मिलाई चिकित्सक तथा स्वास्थ्यकर्मीको उचित व्यवस्था गरी प्रभावकारी उपचारको व्यवस्था गर्नु।

(३) अक्सिजनको अभावको कारण नागरिकको मृत्यु भएको भन्ने देखिएको हुनाले अक्सिजन आपूर्तिको सम्बन्धमा प्रभावकारी व्यवस्था गर्नू।

(४) कोभिड विरूद्धको खोप आपूर्ति तथा व्यवस्था प्रभावकारी हुन नसकेको देखिदा खोप लगाउन बाँकी रहेकालाई खोपको आवश्यक व्यवस्थापन गरी खोप लगाउने कार्य अविलम्ब रूपमा सुचारू गर्नू

(५) स्वास्थ्य प्रोटोकल अवलम्बन हुने गरी क्वारेन्टाईन तथा होम आइसोलेसनको थप र प्रभावकारी व्यवस्थापन गर्नू।

(६) अधिवक्ता मनिषकुमार श्रेष्ठ विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत रहेको उत्प्रेषण परमादेशको निवेदन (२०७७-WO-१११५) मा यस अदालतबाट मिति २०७८।२।३ गते भएको अन्तरिम आदेशलाई गम्भीरतापूर्वक पालना गर्नू, गराउनू।

(७) प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत् प्रत्यर्थीहरूलाई दिनू।

न्यायाधीश

इति सम्बत् २०७८ जेष्ठ ४ गते रोज ३ शुभम्.......................................................।